मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

संख्या : ०७७।७८
चलानी नं.: ५३६

मिति: २०७७।०९।१९

**विषय: रेडक्रस सोसाइटीद्वारा सञ्चालित विपन्न परिवारका लागि जिविकोपार्जन कार्यक्रममा सहभागी हुन निवेदन पेश गर्न वारेको सूचना ।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. १ देखि वडा नं. ११ सम्मका विपन्न परिवारका लागि नेपाल रेडक्रस सोसाइटीद्वारा जिविकोपार्जन कार्यक्रम सञ्चालनको लागि अनुदान वितरण गर्ने कार्यका लागि विगत वर्षदेखि नै विपन्न परिवार छनौट गरेको कुरा विदितै छ । यसै सन्दर्भमा कतिपय वडाहरुमा रहेका विपन्न, गरिव तथा लक्षित वर्गका परिवारहरु सो सूचीमा नपरेको भनी गुनासो प्राप्त भएको सन्दर्भमा नेपाल रेडक्रस सोसाइटीसँगको छलफलबाट थप परिवार छनौट गर्ने सहमती भई नगरकार्यपालिकाको मिति: २०७७/९/१२ गतेको बैठकले प्रत्येक वडाहरुबाट थप १० गरिव तथा विपन्न परिवार तपसिलको अवस्थाका आधारमा छनौट गरी सिफारिस गर्ने निर्णय भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस अघि छनौटमा नपरेका तपसिल अनुसारको आधार पुगेका गरिव तथा विपन्न परिवारले सम्बन्धित वडा कार्यालयहरुमा निवेदन पेश गर्न हुन सम्बन्धि सवैको जानकारीका लगि यो सूचना प्रकाशन गरिएको छ ।

**छनौटको प्राथमिकताका आधारहरु:**

१. भूमिहिन सुकुम्बासी परिवार ।
२. "क" वर्गको अपांगता भएको परिवार ।
३. "ख" वर्गको अपांगता भएको विपन्न परिवार ।
४. अन्य वर्गको अपांगता भएको विपन्न परिवार ।
५. पालनपोषण र संरक्षण गर्ने व्यक्ति नभएको ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक मात्र भएको परिवार ।
६. पालनपोषण र संरक्षण गर्ने व्यक्ति नभएका ६० वर्ष भन्दा माथिका एकल महिला ।
७. लैंगिक हिंसा पिडित भई जिविकोपार्जन गर्न कठिनाई भएको व्यक्ति ।
८. बाबुआमा दुबै गुमाएको नाबालक भएको परिवार ।

उल्लेखित आधारमा छनौट गर्दा एउटै आधार भएका मध्ये विपन्न गरिब, दलित सम्प्रदाय तथा सिमान्तकृत एवं पिछडिएको समुदायलाई प्राथमिकता हुनेछ ।

२०७७।९।१९

(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत